# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।१५ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला कन्चनपुर भीमदत्त नगरपालिका स्थित विष्णु धाम मन्दिरमा खुडकिला निर्माणको लागि पेश्की लिई हालसम्म फछ्र्यौट नगरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा भीमदत्त नगरपालिका-३ स्थित साकेत धाम विष्णु मन्दिर (विष्णु धाम) मा खुडकिला निर्माण योजनाको लागि आ.ब. २०६५/०६६ मा उपभोक्ता समितिका अध्यक्ष कर्ण बहादुर विष्टले भीमदत्त नगरपालिकाबाट लिएको रु. ४,५०,०००।– (चार लाख पचास हजार) हालसम्म निर्माण कार्य नगरेको र उक्त रकम फरफारक समेत नगरेकोले उपभोक्ता समितिका अध्यक्ष कर्ण बहादुर विष्टले आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने बदनियतले भीमदत्त नगरपालिकासमक्ष गरेको सम्झौता पालना नगरी भीमदत्त नगरपालिकाबाट रकम लिनु खानु गरी नेपाल सरकारलाई गैरकानूनी रुपमा हानि पुऱ्याउने र आफूलाई गैरकानूनी लाभ लिने काम गरेको प्रमाणित हुन आएकोले निजले गरेको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर भएकोले निजलाई रु. ४,५०,०००।– बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) मा उल्लेख भएबमोजिम सजाय हुन र बिगो रकमसमेत निजबाट असुलउपर गरी जफत हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला